नेपाल सरकार

# प्रदेश प्रमुखको कार्यालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

प.सं.

च.नं :

## विज्ञप्ति

माननीय प्रदेश प्रमुख यादवचन्द्र शर्माज्यूले नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम माननीय मुख्यमन्त्री शालिकराम जम्कट्टेलज्यूको सिफारिसमा देहाय बमोजिमको मन्त्रिपरिषद् गठन एवम् कार्य विभाजन गर्नु भएको छ ।

| क्र.स. | नाम, थर | पद | कार्य बिभाजन |
|---|---|---|---|
| १ | शालिकराम जम्कट्टेल | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय, संस्कृति तथा पर्यटन मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, श्रम, रोजगार तथा यातायात मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय । |
| २ | जगन्नाथ थपलिया | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय । |
| ३ | उद्धव थापा | मन्त्री | जिम्मेवारी पछि तोकिने । |

मिति २०७९।०९।२६ गते प्रदेश प्रमुखको कार्यालयमा आयोजित विशेष समारोहमा माननीय प्रदेश प्रमुख यादवचन्द्र शर्माज्यू समक्ष नवनियुक्त माननीय मुख्यमन्त्रीज्यू शालिकराम जम्कट्टेल, माननीय मन्त्रीज्यूहरु जगन्नाथ थपलिया र उद्धव थापाज्यूले नेपालको संविधानको धारा १७२ तथा मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १४ बमोजिम मुख्यमन्त्री र मन्त्री पदको पद तथा गोपनीयताको शपथ लिनु भएको छ ।

(प्रकाश चपागाई)
प्रवक्ता

२०७९ साल पौष २६ गते मंगलबार।

☎: ०५७-५२४९६९ @: ocsbagamati@gmail.com : ocs.bagamati.gov.np